# प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
## गण्डकी प्रदेश, पोखरा

**आ.व. २०७७/०७८ को वार्षिक विकास कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रम आवश्यक पर्ने स्थानीय तह, शैक्षिक, धार्मिक संघ संस्था एवम् सम्वन्धित सरोकारवालाहरूलाई प्रस्ताव पेश गर्ने बारेको सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०७७।०६।१३**

**(१) एक स्थानीय तह एक खेलमैदान/रङ्गशाला निर्माण :**

नगरपालिकाको समन्वयमा रंगशाला निर्माण, गाउँपालिकाको समन्वयमा एक स्थानीय तह एक खेल मैदान निर्माण र जिल्लास्तरीय रगंशाला निर्माण सम्वन्धी कार्य गर्न "एक स्थानीय तह एक खेलमैदान/ रगंशाला निर्माण सम्वन्धी मापदण्ड, २०७७" को अनुसूची १ बमोजिमको ढाँचामा गण्डकी प्रदेशका स्थानीय तहहरूले कार्यक्रम प्रस्ताव तयार गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा पेश गर्नु हुन अनुरोध छ ।

**(२) शैक्षिक संस्थाहरू, खेलकुद क्षेत्र, धार्मिक, ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरूको संरक्षण तथा सुधारः**

धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका ऐतिहासिक दरवार, मठ, मन्दिर, गुम्बा, विहार, मस्जिद, स्तुपा, स्मारक, देवालय जस्ता सम्पदाको संरक्षण र सुधार सम्वन्धी कार्य गर्न "धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण र सुधार सम्वन्धी मापदण्ड, २०७७" को अनुसूची १ बमोजिमको ढाँचामा कार्यक्रम प्रस्ताव तयार गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा पेश गर्नु हुन सरोकारवालाहरूमा अनुरोध छ ।

**नोटः कार्यक्रम सम्बन्धी मापदण्डहरू यस मन्त्रालयको website www.mosd.gandaki.gov.np मा उपलब्ध छन् । सम्पर्कको लागिः ९८५६०३५३३३, ९८५६०३७१६९ र ९८४६३८०५०२।**